# माडी नगरपालिकाको पाचौं नगरसभामा नगर उपप्रमुख श्री ताराकुमारी काजी महतोज्यूद्वारा प्रस्तुत आर्थिक वर्ष २०७७/०७८ को बजेट तथा कार्यक्रम

सम्मानित सभाका अध्यक्ष महोदय,
नगर सभाका सदस्यज्यूहरू।

माडी नगरपालिकाको गौरवमय पाँचौ नगर सभा समक्ष नगर उपप्रमुखको हैसियतले आगामी आर्थिक वर्ष २०७७।०७८ को बजेट प्रस्तुत गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएकी छु। यस सम्मानित सभामा नेपालको राजनीतिक परिर्वतनका लागि जीवन बलिदान गर्नुहुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरूप्रति हार्दिक श्रदान्जली व्यक्त गर्दछु । राष्ट्रियता, स्वाधिनता, सामाजिक न्याय, समानता र समृद्धि तथा संघीय शासन प्रणाली स्थापित गर्नका लागि संघर्ष गर्नुहुने महान नेपाली जनता र त्यसको सक्षम नेतृत्व गर्नुहुने राजनीतिका शिखर व्यक्तित्वहरू प्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु।

**"सम्पदा सम्पन्न माडी नगर, ईको कृषि र पर्यटनको शहर"** भन्ने मूल नारालाई आत्मसात् गरी स्वास्थ्य, शिक्षा, खानेपानी, सुरक्षित आवास तथा उत्पादन जस्ता आवश्यकताहरूको परिपूर्तिबाट नगरवासीलाई विकासको आभाष दिलाउने अठोटका साथ यस नगरपालिका अघि बढिरहेको छ ।यस आर्थिक वर्ष हाम्रा लागि त्यति सुखद रहेन । विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोभिड १९ संक्रमणको जोखिमले हामी सबैलाई ईतिहाँसकै कठिन परिस्थितीको सामना गर्न बाध्य बनाएको छ । कोभिड १९ को प्रभाव र जारी लकडाउनका कारण यस वर्षको अन्तिम तर महत्वपूर्ण चौमासिक प्रभावित भएको छ भने राजश्व संकलन र योजना तथा कार्यक्रम कार्यान्वयनमा पनि अवरोध पुगेको छ । कोभिड १९ रोकथाम तथा न्यूनिकरणका लागि अहोरात्र खटिने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी राष्ट्रसेवक कर्मचारी तथा सबैलाई म यस नगरपालिकाको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गर्दछु ।यस कठिन परिस्थितीबाट पाठ सिक्दै माडी नगरपालिकाले अगामी आर्थिक वर्षमा उत्पादनमुलक अभियान संचालन गरि अगाडी बढ्न अझ सशक्त रुपमा लागि पर्नेछ भन्ने विश्वास दिलाउन चाहन्छु।

आगामी आर्थिक वर्षमा पनि कोभिड १९ संक्रमणको जोखिम रहिरहन सक्ने अवस्थालाई मध्यनजर गरि यसको रोकथाम तथा नियन्त्रण गर्न संघीय र प्रदेश सरकारसँग समन्वय गरि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान; स्थानीय सरकार सञ्चालन ऐन, २०७४; नगरको अर्थ विधेयक, २०७७; विनियोजन विधेयक, २०७७; नगरको नीति तथा कार्यक्रम; संघीय तथा प्रदेश सरकारका नीति तथा कार्यक्रमहरु; नगरका विषयगत समितिका सुझावहरू; दिगो विकासका लक्ष्य; वडाहरुबाट प्राप्त सुझावहरू; विषय विज्ञका रायसुझाव तथा राजनीतिक दलहरू, संघ—संस्था, नगरवासीका रचनात्मक सुझावहरूलाई आ. व. २०७७/ ०७८ को बजेट तर्जुमाको मुख्य आधारको रूपमा लिइएको छ ।

सम्मानीत सभाका अध्यक्ष महोदय,
अब म यस माडी नगरपालिकाको आर्थिक स्थितिको संक्षिप्त जानकारी गराउन चाहन्छु। चालु आ. व. २०७६।७७ को लागि कूल अनुमानित आय रु १ अर्व ५ करोड ३१ लाख ५१ हजार २ सय ३१ र व्यय तर्फ रु १ अर्व ५ करोड ३१ लाख ५१ हजार २ सय ३१ रकम अनुमान गरिएको थियो। अनुमानित आयमा २०७७ आषाढ पहिलो हप्ता सम्म घरजग्गा रजिष्ट्रेशन शुल्क वापत रु १ करोड ७७ लाख ८३ हजार २ सय ७ एवं बाँडफाँडबाट प्राप्त हुने मुल्य अभिबृद्दी कर गरी कुल आम्दानी रु ४९ करोड ६९ लाख २७ हजार २ सय ४८ आम्दानी भएको छ ।

व्ययतर्फ कुल खर्च जम्मा रु ४३ करोड ६४ लाख ६९ हजार ४७० रहेको छ ।

२०७७ आषाढ मसान्तसम्म संसोधित अनुमान राजश्व आम्दानीतर्फ जनसहभागिता तथा घरजग्गा रजिष्ट्रेशन शुल्क समेत गरी करिब रू. ५१ करोड २० लाख आम्दानी हुने देखिन्छ। खर्चतर्फ करिब रू ४८ करोड ७० लाख संशोधित अनुमान गरिएको छ ।

अब म आगामी वर्ष २०७७।७८ को बजेटका उद्देश्य तथा प्राथामिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**बजेटका उद्देश्यहरू निम्न अनुसार प्रस्तुत गरिएको छः**

१. नगरबासीहरुको न्यूनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गर्ने ।

२. साधन-स्रोत, अवसर र क्षमताको विकास तथा उच्चतम उपयोग गरी समृद्ध नगर बनाउने ।

३. आर्थिक, भौतिक एवं सामाजिक र वातावरणीय पूर्वाधार विकास गरी समुन्नत र सुदृढ नगर बनाई राष्ट्रको विकासमा टेवा पुर्याउने ।

आर्थिक वर्ष २०७७।७८ को बजेटका प्रथामिकताका क्षेत्रहरू निम्न अनुसार प्रस्तुत गरिएको छः

१. पूर्वाधार विकास

२. उत्पादनशील क्षेत्रहरु (कृषि, पशुसेवा, पर्यटन, उद्योग र सहकारी)

३. शिक्षा र स्वास्थ्य

४. वातावरण तथा सरसफाई र विपद् व्यवस्थापन

५. युवा तथा खेलकुद

६. संस्थागत विकास तथा सुशासन

बजेटले राखेका उद्देश्य एवं प्राथमिकता कार्यान्वयन गर्न संघीय सरकार र प्रदेश सरकारसँग समन्वय र साझेदारी गरिनेछ । विनियोजन हुने बजेट र वार्षिक कार्यक्रमलाई बजेटका प्राथमिकता र उद्देश्यसँग तादात्म्यता कायम गर्ने प्रयास गरिएको छ । उपलब्ध पूँजी, सीप र क्षमताको प्रभावकारी उपयोग गर्न विकासका सहयात्री सहकारी र निजी क्षेत्रसँग सहकार्य गरिनेछ ।

सभाका अध्यक्ष महोदय,

नगर सभाका सदस्यज्यूहरू

अब म नगरको आ.व. २०७७।७८ को कूल आय र व्यय तथा विषयगत क्षेत्रमा विनियोजन गरीएको अनुमानित विवरण संक्षिप्त रुपमा प्रस्तुत गर्दछु।

नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आ.व. २०७७।७८ को कूल व्यय ८८ करोड ७० लाख ३८ हजार विनियोजन गरिएको छ। अन्तरसरकारी वित्तिय हस्तान्तरणबाट रु ६३ करोड ५१ लाख ६८ हजार प्राप्त हुने अनुमान गरिएको छ

।जसमा संघीय सरकार वित्तिय समानिकरण अनुदान तर्फ रु १२ करोड ७२ लाख, संघीय सरकार सशर्त अनुदान रु २६ करोड ७२ लाख संघीय सरकार विशेष अनुदान रु १ करोड ५५ लाख संघीय सरकार समपुरक अनुदान रु २ करोड ३२ लाख संघीय सरकार राजश्व बाँडफाँड तर्फ रु ९ करोड ५२ लाख ९३ हजार अनुदान गरि संघीय सरकारबाट जम्मा रु ५२ करोड ८३ लाख ९३ हजार अनुदान प्राप्त हुने अनुमान गरिएको छ । साथै प्रदेश सरकार तर्फ वित्तिय समानीकरण अनुदान रु १ करोड ३ लाख ३५ हजार, सशर्त अनुदान रु २ करोड ५८ लाख ३३ हजार समपुरक अनुदान रु २ करोड ९८ लाख ५ हजार राजश्व बाँडफाँड २ करोड ७८ लाख २ हजार गरि जम्मा रु ९ करोड ३७ लाख ७५ हजार अनुदान प्रदेश सरकारबाट प्राप्त हुने प्रक्षेपण गरिएको छ । जिल्ला समन्वय समिती, चितवनबाट चालु आ व ०७६।०७७ मा विनियोजन भएको १ करोड ५३ लाख मध्ये आगामी आ. व. मा भुक्तानी हुनुपर्ने रकम रु १ करोड ३० लाख लाई आगामी आ. व. को आम्दानीको रुपमा संलग्न गरिएको छ । यस नगरपालिकाको आगामी आर्थिक वर्षको कुल आन्तरिक आय रु २५ करोड १८ लाख ७० हजार (घरजग्गा रजिष्ट्रेशन शुल्क समेत) रहने प्रक्षेपण गरिएको छ। अन्य अन्तरसरकारी अख्तियारीबाट प्राप्त रकम मूल सञ्चितकोषमा प्राप्त नहुने भएकोले सोही बमोजिम लेखांकन गरिने छ।

अब म क्षेत्रगत कार्यक्रम तथा विनियोजित बजेटको विवरण प्रस्तुत गर्न चाहन्छु ।

१. **नगर पूर्वाधार विकासः-** यस नगरभित्र बसोबास गर्ने नगरवासीहरुको सुरक्षित बसोबासको सुनिश्चितता गर्न यस वर्ष संचालनमा रहेका खरको छानो विस्थापन कार्यक्रम तथा सुरक्षित नागरिक आवास कार्यक्रम लाई संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा प्रमुख प्राथमिकतामा राखी संचालन गरिनेछ । सडक पूर्वाधारको विकास गर्न नगर भित्रका मुख्य मुख्य सबै सडकहरुलाई कालोपत्रे गर्नका लागि आवश्यक बजेट विनियोजन गर्ने व्यवस्था मिलाईएको छ । साथै संघीय सरकार र प्रदेश सरकारसँग समपूरक अनुदान प्राप्त गर्न समपूरक तथा साझेदारी कोष समेत खडा गरिएको छ । समग्र नगर पूर्वाधार विकासको लागि रू. २५ करोड २९ लाख ५ हजार विनियोजन गरिएको छ।

२. **उत्पादनशील क्षेत्र-** नगरको कृषि तथा सहकारी, पर्यटन, पशु विकास र उद्योग क्षेत्रको विकास मार्फत आत्मनिर्भर नगर बनाई राष्टिय अर्थतन्त्रमा समेत योगदान दिन व्यवस्थित तथा दिर्घकालिन साना तथा ठुला सिंचाई कार्यक्रम, माटो परिक्षण ल्याव, पशु सेवा प्रयोगशाला भवन निर्माण, डिजिटल मोबाईल माटो ल्याव तथा परिक्षण कार्य संचालन, बंगुर, कागती तथा फलफूल खेती प्रबर्द्धन कार्यक्रम, अर्गानिक खेती प्रोत्साहन कार्यक्रम, माछा पोखरी निर्माण, तरकारी संकलन केन्द्र निर्माण, व्यवसायिक पकेट कार्यक्रम, कृषि तथा पशुपक्षीं सम्बन्धी तथ्याङ्क अभिलेखिकरण तथा अद्यावधिकरण लगायतलाई प्रदेश तथा संघीय सरकारको सहयोगमा कार्यक्रम संचालन गरिनेछ । साथै कृषि तथा पशुस्वास्थ्य क्षेत्रमा रु ३ करोड, विदेशबाट नेपाल आएका यूवाहरुलाई उत्पादनमुलक क्षेत्रमा सहभागी गराउन यूवा लक्षित स्वरोजगार कार्यक्रमका लागि रु २ करोड ८ लाख ६५ हजार, पर्यटन तथा उद्योग क्षेत्रमा रु ८५ लाख गरि समग्र आर्थिक विकास तथा उत्पादनको  क्षेत्रमा रू. २ करोड ९३ लाख ६५ हजार विनियोजन गरिएको छ।

## ३. सामाजिक विकास

### शिक्षा तर्फः

शिक्षाको विकास नै वास्तविक विकास हो भन्ने नारा सहित माडीलाई शिक्षाको हव बनाउने गरि शैक्षिक पूर्वाधार विकास तथा शैक्षिक गुणस्तर सुधारमा आवश्यक बजेट विनियोजन गरिएको छ । छात्राहरुका लागि मर्यादित महिनावारी तथा निशुल्क सेनिटरी प्याडको व्यवस्था, अति विपन्न विद्यार्थीका लागि निशुल्क शिक्षा र बाल शिक्षा कार्यक्रम संचालन गरिनेछन् ।

शिक्षा क्षेत्रमा कूल रु २१ करोड ९३ लाख ९२ हजार विनियोजन गरिएको छ ।

### स्वास्थ्य तर्फः

बघौडा अस्पताल तथा स्वास्थ्य संस्थाको पूर्वाधार विकास र स्वास्थ्य संस्थालाई सुविधासम्पन्न बनाई गुणस्तरीय स्वास्थ सेवा उपलब्ध गराउने कार्यक्रम रहेको छ

।स्वास्थ्य क्षेत्रका लागि कुल रु ५ करोड ११ लाख ४५ हजार विनियोजन गरिएको छ।

**विपन्न तथा लक्षित समुदाय :**

महिला अपाङ्ग दलित आदिवासी तथा जनजाती लगायत विपन्न तथा लक्षित समुदायको उत्थानका लागि कुल रकम रु २ करोड ८ लाख ६५ हजार विनियोजन गरिएको छ ।

४. **वातावरण तथा सरसफाई र विपद् व्यवस्थापनः-** नगरको सौन्दर्यता र स्वच्छ वातावरण प्रर्वद्धन गर्ने, जैविक विविधताको संरक्षण, सेनिटरी पार्क निर्माण, सरसफाई तथा फोहोरमैला व्यवस्थापन लगायत ढल ढकनी निर्माण गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ। साथै विपद्जन्य घटनाको पूर्व तयारी तथा प्रतिकार्यका लागि स्रोतको व्यवस्था गरिएको छ । वातावरण संरक्षण तथा विपद् व्यवस्थापन कार्यको लागि रू. १ करोड विनियोजन गरिएको छ ।

५. **युवा तथा खेलकुदः** युवाको क्षमता विकास तथा खेलकुदको माध्यमबाट यस नगरलाई परिचित गराउनको लागि कभर्ड हल तथा दिवाकर स्मृती रङ्गशाला तथा कभर्ड हल निर्माणका लागि बजेट विनियोजन तथा कार्यान्वयनका लागि संघीय सरकार तथा बागमती प्रदेश सरकार सँग समन्वय गरिनेछ ।राष्ट्रपती रनिङ्ग शिल्डका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

६. **सुसासन, सेवा प्रवाह, कार्यालय संचालन तथा संस्थागत विकास**

सूचना प्रविधीद्वारा वित्तीय एवं संस्थागत व्यवस्थापनलाई चुस्त र दुरूस्त बनाउन र सुशासन कायम राख्नका लागि आवश्यक कार्यहरु गरिनेछ ।आगामी आर्थिक वर्षबाट नगरपालिकाको निर्माणाधिन भवनको निर्माण कार्य सम्पन्न गरि सोही भवनबाट सेवा प्रवाह गरिनेछ ।आफ्नो भवन नभएका वडा कार्यालयहरुलाई समेत भवन निर्माणका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीका लागि अनलाईन प्रणालीको संचालन गरिनेछ

। तलब भत्ता पारिश्रमिक कार्यालय संचालन लगायतको उपभोग खर्चमा रू. १७ करोड ५३ लाख ५ हजार विनियोजन गरिएको छ ।

७. वडास्तरबाट संचालन गरिनुपर्ने अत्यावश्यक कार्यक्रमका लागि रु. ५ करोड विनियोजन गरिएको छ।

चालु आ.व.को हालसम्मको आय व्ययको विवरण, आय व्ययको संशोधित अनुमान, आगामी आर्थिक वर्षको क्षेत्रगत, आयोजनागत बजेटको अनुमानित विवरण समेटिएको वार्षिक योजना पुस्तिका छिट्टै सार्वजनिक गरिनेछ।
अन्तमा प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग पुर्याउनुहुने आदरणीय नगर प्रमुखज्यू, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यू, विज्ञ महानुभावहरु, विभिन्न महानुभावहरु लगायत सम्पूर्ण नगरबासी एवम् यस वार्षिक बजेट योजना तथा कार्यक्रमलाई अन्तिम रुप दिन अहोरात्र खटिने सबै राष्ट्रसेवक कर्मचारी मित्रहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद्

ताराकुमारी काजी महतो
उपप्रमुख
माडी नगरपालिका, बसन्तपुर, माडी, चितवन
मिति २०७७ आषाढ १० गते बुधबार ।